शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

# गाउँ कार्यपालिकाको कार्यालय

सालदाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

## कर्मचारी आवश्यकता सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०८२/१२/१९)

राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०८२ बमोजिम यस गाउँपालिकाको रोजगार सेवा केन्द्र संचालन तथा व्यवस्थापन गर्न ऐ. निर्देशिकाको दफा २९(४) बमोजिम, शे-फोक्सुण्डो गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६ र गाउँ कार्यपालिकाको मिति २०८२/११/१६ देहायको योग्यता र अनुभव भएको कर्मचारी रोजगार संयोजक पदमा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले प्रथम पटक यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र (अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा बिदाको भोलिपल्ट) कार्यालय समयमा दरखास्त शुल्क तिरेको नगदि रसिद वा बैंक जम्मा गरेको भौचर सहित दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | माग सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | २/२०८२/८३ | रोजगार संयोजक | पाँचौं | करार | १ |

क) रोजगार संयोजक पदका लागि शैक्षिक योग्यता र अनुभव

१. नेपाली नागरिक,

२. १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने (महिला तथा अपाङ्गको हकमा थप ५ वर्ष)

३. न्यूनतम योग्यताः- नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाणपत्र तह (१०+२) उत्तीर्ण गरेको,

४. कम्प्युटर सम्बन्धी कम्तिमा ३ महिनाको आधारभूत तालिम लिएको अनिवार्य हुनुपर्ने,

५. भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको,

६. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुदार नठहरिएको,

प्राथमिकता दिइने

१. स्थानीय बासिन्दा तथा स्थानीय भाषाको ज्ञान भएको व्यक्तिलाई उच्च प्राथमिकता दिइने।

२. इन्जिनियरिङ विषयमा अध्ययन गरी व्यवसायिक प्रमाणपत्र (लाइसेन्स) प्राप्त गरेको वा इन्जिनियरिङ विषय अध्ययन गरी सो सेवामा कार्य अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिइने।

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

"पर्यटन, जलस्रोत, पशुपालन र जडिबुटी शे-फोक्सुण्डोको आधार
दिर्घकालीन दृष्टिकोण, मानव विकास, गुणस्तरीय पूर्वाधार, गरिबी निवारण र रोजगार"

Phone: 9858390116/ Email: ito.shephoksundomun1@gmail.com / website: www.shephoksundomun.gov.np

Scanned with CamScanner

(ख) सेवा, सुविधाः - नियमानुसार।

(ग) परीक्षाको किसिम : संक्षिप्त सूची, लिखित र अन्तर्वार्ता।

(घ) दरखास्त दिने स्थानः शे-फोक्सुण्डो गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, (प्रशासन शाखा) डोल्पा।

(ङ) दरखास्त दिने अन्तिम मितिः २०८३/०१/०३ गते।

(च) दरखास्त दस्तुरः रु. १००० (एक हजार मात्र)

(छ) दरखास्त दस्तुर जम्मा गर्ने खाताको नाम, खाता नं. र बैंकः- शे-फोक्सुण्डो गाउँपालिकाको आन्तरीक राजश्व खाता (खाताको नामः **GA-1-1 ANTARIK RAJASHWO KHATA/** खाता नं. **1650133537700071 /** बैंकः- **Prabhu Bank Ltd)** मा रकम जम्मा गरी बैंक भौचर पेश गर्न सकिने वा कार्यालयमा रकम जम्मा नगदि रसिद लिन सकिने।

(ज) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरूः आवेदकले प्रमाणित गरेका देहाय बमोजिमका कागजातहरुको प्रतिलिपिः-

१.नेपाली नागरिकता, २.न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, ३.२ (दुई) प्रति पासपोर्ट साइजको फोटो,

(झ) परीक्षा सञ्चालन मिति र स्थानः सूचना मार्फत जानकारी गराइनेछ ।

(ञ) अन्यः दरखास्त पेश गर्दा Hard Copy को हकमा गाउँपालिकाको कार्यालयमा स्वयं उपस्थित भई वा कार्यालयको आधिकारीक इमेल ठेगाना *ito.shephoksundomun1@gmail.com* मा समेत दरखास्त पेश गर्न सकिनेछ । इमेलमार्फत दरखास्त पेश गर्ने उम्मेदवारले दरखास्त पेश गर्ने अवधिको अन्तिम दिनको भोलिपल्ट कार्यालय समयभित्र उल्लेखित कागजात सहित कार्यालयमा उपस्थित हुनुपर्नेछ।

*अन्य जानकारीका लागिः- प्रशासन शाखा प्रमुख श्री सरोज गौतम (९८४६७८७५८५)*

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

सुमन ढकाल
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखाः सूचना वेवसाइटमा अपलोड गर्ने, कार्यालयको सूचना पाटी तथा अन्य सार्वजनिक स्थलमा टाँस गर्ने।



Scanned with CamScanner